राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया, बाँके
लुम्बिनी प्रदेश, नेपाल

कार्यपालिका बैठक संख्या :- ३६

मिति : २०८०/१०/२५ गते

स्थान : गाउँपालिकाको सभाहल

आज मिति २०८० साल माघ महिनाको २५ गतेका दिन राप्ती-सोनारी गाउँपालिकाका अध्यक्ष श्री लाल बहादुर पौडेल ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो।

## उपस्थिति

१) श्री लाल बहादुर पौडेल - अध्यक्ष
२) श्री मनिषा सिंह थापा - उपाध्यक्ष
३) श्री यम बहादुर खड्का - १ नं. वडा अध्यक्ष
४) श्री ज्ञानेन्द्र राज वली - २ " ——— "
५) श्री मिन कुमार थापा - ३ " ——— "
६) श्री मिन राज खड्का - ४ " ——— "
७) श्री मगन थापा - ५ " ——— "
८) श्री लवराज खरेल - ६ " ——— "
९) श्री कमलरवन थापा - ७ " ——— "
१०) श्री शालिकराम डाँगी - ८ " ——— "
११) श्री सोहनलाल थापा - ९ " ——— "
१२) श्री धान बहादुर वि.क. कार्यपालिका सदस्य
१३) श्री केशवराज कपाडे " — "
१४) श्री गीता डाँगी " — "
१५) श्री सुमित्रा थापा " — "
१६) श्री यम कुमारी वली " — "
१७) श्री राधिका सुनार " — "
१८) श्री ओम प्रकाश देवकोटा प्र.प्र.अ.

## कार्य सम्पादन सहयोगी;

१) प्र.प्र.अ. श्री जनार्दन पौडेल
२) प्र.प्र.अ. श्री राजतिलक थापा

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक संख्या नं. ३६** **स्थानः गाउँपालिका** **मिति २०८०/१०/२५ गते**

**प्रस्तावहरु:**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. कानून स्वीकृत सम्बन्धमा ।
३. सैद्धान्तिक सहमति सम्बन्धमा ।
४. ToR स्वीकृत सम्बन्धमा ।
५. लुम्बिनी प्रदेश सरकार समक्ष योजना माग सम्बन्धमा ।
६. सडक वोर्ड नेपालमा पेश गर्ने योजना छनौट सम्बन्धमा ।
७. पालिका स्थापना दिवस मनाउने सम्बन्धमा ।
८. खेलकुद विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
९. राष्ट्रपति रनिङ्ग शील्ड छनौट तथा अध्यक्ष कप सञ्चालन खर्च भुक्तानी सम्बन्धमा ।
१०. स्थानीय जेष्ठ नागरिक समिति गठन सम्बन्धमा ।
११. गुनासो समाधान समन्वय समिति गठन सम्बन्धमा ।
१२. सामाजिक परीक्षण समन्वय समिति गठन सम्बन्धमा ।
१३. नागरिक आरोग्यमा कार्यरत कर्मचारीको म्याद थप सम्बन्धमा ।
१४. भोगादेश सिफारिश सम्बन्धमा ।
१५. सीमा निर्धारण सम्बन्धमा ।
१६. भूमि सम्बन्धी Data entry सम्बन्धमा ।
१७. नेपाल विधुत प्राधिकरणलाई निशुल्क जमिन उपलब्ध गराउने सम्बन्धमा ।
१८. विविध सम्बन्धमा ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

राप्ती सोनारी गाउँ कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

कार्यपालिका बैठकबाट छलफलका लागि विधेयक समितिमा पठाईएका तपसीलका कार्यविधि विधेयक समितिबाट प्राप्त सुझाव अनुसार स्वीकृत गर्ने निर्णय गरियो।

(१) राप्ती सोनारी गाउँपालिका अनुदान कार्यविधि, २०८०

**निर्णय नं. ३**

यस गाउँ कार्यपालिकाको विकास र सर्वसुलभ सेवा प्रवाहका लागि आवश्यक पर्ने तपसीलको विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report-DPR) तथा रोजगार रणनीतिक योजना निर्माण गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरियो।

| सि. नं. | परियोजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १ | नागराफल पर्यटकीय स्थल DPR | राप्ती सोनारी- ६, बाँके | |
| २ | खेल मैदान रंगशाला DPR | राप्ती सोनारी- ६, बाँके | |
| ३ | रिंगरोड DPR | राप्ती सोनारी- ६, बाँके | |
| ४ | रोजगार रणनीतिक योजना | राप्ती सोनारी, अगैया, बाँके | |

**निर्णय नं. ४**

यस गाउँ कार्यपालिका बैठकले विभिन्न समयमा सैद्धान्तिक सहमति दिई कार्यादेश प्राप्त तपसीलका परियोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको संक्षिप्त प्रतिवेदन (ToR) स्वीकृत गर्ने निर्णय गरियो।

| सि. नं. | परियोजनाको नाम | परामर्शदाता | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | प्रहरी चौकी भवन, राप्ती सोनारी-८, सम्शेरगंज | मानव इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि., जुम्ला | रू. ३ लाख | |
| २ | रेडक्रस भवन, कचनापुर उपशाखा, राप्ती सोनारी-८, सम्शेरगंज | मानव इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि., जुम्ला | रू. ३ लाख | |

**निर्णय नं. ५**

(क) यस राप्तीसोनारी गाउपालिकाको तपसिलका आयोजनाहरुको अध्ययन आ.व. २०७५/०७६ मा भएकोले आगामी आ.व. २०८१/०८२ को समपूरक अनुदानमा समावेश गरी उक्त लागत लाई अध्यावधिक लागत वरावरको रकम अनुसार कार्यक्रममा समावेश गराई दिनुहुन सिफारिस सहित शहरी विकास तथा भवन कार्यालय, बाँके मार्फत शहरी विकास मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) दांग लुम्बिनी प्रदेशमा पठाउने निर्णय गरियो।

तपसिल:

| सि.नं. | विवरण/आयोजनाको नाम | डि.पि.आर. लागत रु. | मुख्य-मुख्य कार्यहरु | अध्ययन गराउने निकाय | अध्ययन भएको आ.व. | अध्यावधिक लागत आ.व. २०८०/०८१ | कैफियत |
|---|---|---|---|---|---|---|---|

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक २०८०/१०/२५

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | साना सहर तथा बस्ती विकास कार्यक्रम राप्तीसोनारी-२, ८ र ९ बाँके बस्ती भित्रको सडक | १९,११,८१,९५३।१ | बस्ती भित्रको सडक तथा फूटपाथ | राप्तीसोनारी गा.पा. | २०७५/७६ | २९,८२,४३,८४६।८४ | |
| २ | साना सहर तथा बस्ती विकास कार्यक्रमको पूर्वाधारहरु राप्तीसोनारी-७ (निबुवाटार, सार्री, विस्मपुर र झगडिया) | २३,३९,१०,७६५।७५ | पक्की नाली निर्माण, फूटपाथ, बस्ती भित्रको सडकहरु | राप्तीसोनारी गा.पा. | २०७९/८० | | |

(ख) यस राप्तीसोनारी गाउपालिकाको तपसिलका आयोजनाको अध्ययन आ.व. २०८०/०८१ मा भएकोले आगामी आ.व. २०८१/०८२ को समपूरक अनुदानमा समावेश गरी दिन हुन भौतिक पूर्वाधार विकास मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) दांग, लुम्बिनी प्रदेशमा पठाउने निर्णय गरियो।

तपसिल:

| सि.नं. | विवरण/आयोजनाको नाम | डि.पि.आर. लागत रु. | मुख्य-मुख्य कार्यहरु | अध्ययन गराउने निकाय | अध्ययन भएको आ.व. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | साना सहर तथा बस्ती विकास कार्यक्रम राप्तीसोनारी-४, बाँके बस्ती भित्रको सडक | ८८,७४,४८,८६४।९८ | बस्ती भित्रको सडक तथा फूटपाथ | राप्तीसोनारी गा.पा. | २०८०/८१ | |

**निर्णय नं. ६**

सडक वोर्ड नेपालको मिति २०८० मंसीर १ गते च. न. ४६८ को पत्रानुसार यस गाउँपालिकाको तर्फबाट तपसीलका आयोजनाहरु माग गर्ने तथा गाउँपालिकाको तर्फबाट प्रचलित कानून बमोजिमको समपुरक लगानी गर्ने प्रतिवद्धता जनाउने निर्णय गरियो।

| सि. नं. | परियोजनाको नाम | स्थान | लागत रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १ | पेरानी देखि मन्दिर डाँडासम्म सडक मर्मत कार्य | राप्ती सोनारी गाउँपालिका – ८ | १५,७९,६२७।४६ | |
| २ | मदुई बाटो मर्मत कार्य | राप्ती सोनारी गाउँपालिका – २ | २०,३६,७५७।१० | |
| ३ | भम्का देखि खोकरी सम्म ग्राभेल बाटो निर्माण | राप्ती सोनारी गाउँपालिका – १ | १५,८६,४०८।३० | |

राप्ती सोनारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बाँके लुम्बिनी प्रदेश, नेपाल

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

**निर्णय नं. ७**

संघीयताको कार्यान्वयन संगै स्थापना भएको यस गाउँपालिकाको ७औं स्थापना दिवस मनाउन गाउँपालिका अध्यक्ष श्री तप्त बहादुर पौडेलको संयोजकत्वमा उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण वडा अध्यक्ष, कार्यपालिका सदस्य, सम्पूर्ण शाखा प्रमुखहरु, वडा सचिवहरु रहेको मूल आयोजक समिति गठन गर्ने र कार्यपालिकाकाका प्रत्येक समितिले आफ्नो अधिकार क्षेत्रको अध्ययन गरी आयोजक समितिको बैठकमा प्रतिवेदन गर्नुका साथै कार्यक्रमको कार्यसूची आयोजक समिति आफैले तय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

खेलकुद समितिको मिति २०८० माघ २१ गते बसेको राप्ती सोनारी गाउँपालिका खेलकुद समितिको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गर्नुका साथै १६औं राष्ट्रपति रनिङ्ग शील्डमा भाग लिने खेलाडीहरुलाई प्रशिक्षण गराइरहेका प्रशिक्षकहरुलाई सहायक चौथो तहले प्राप्त गर्ने सेवा सुविधा प्रदान गर्ने दोहोरो सम्झौता गर्न शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखलाई अख्तियारी दिने र कराते प्रशिक्षक भक्त बहादुर रानालाई गाउँपालिकाले नै अध्यक्ष कप सञ्चालन हुनु १ महिना अगावै प्रशिक्षणमा खटाएकोले सोही बमोजिमको गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

मिति २०८० माघ ११ देखि १३ सम्म जनशक्ति माध्यमिक विद्यालय, बैजापुरमा सञ्चालन भएको १५औं राष्ट्रपति रनिङ्ग शील्ड छनौट प्रतियोगिता तथा ६औं राप्ती सोनारी गाउँपालिकास्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगिता सम्पन्न भई फरफारकका लागि सोही विद्यालयबाट भुक्तानी अनुरोध पत्र प्राप्त भएकोले प्रचलित कानूनको अधिनमा रही भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १५ बमोजिम तपसील बमोजिमको स्थानीय जेष्ठ नागरिक समिति गठन गर्ने निर्णय गरियो ।

तपसीलः

| | | |
|---|---|---|
| १. | गाउँ पालिका उपाध्यक्ष श्री मनिषासिंह थारु | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा | सदस्य |
| ३. | सामाजिक विकास समिति संयोजक श्री मिनराज खड्का | सदस्य |
| ४. | कार्यपालिका सदस्य श्री यम कुमारी वली | सदस्य |
| ५. | शाखा प्रमुख (शिक्षा तथा स्वास्थ्य) | सदस्य |
| ६. | स्वास्थ्यकर्मी श्री मनोज कुमार मिश्र (फत्तेपुर स्वास्थ्य चौकी) | सदस्य |
| ७. | जेष्ठ नागरिक श्री भीमार्जुन देवकोटा राप्ती सोनारी- १, बाँके | सदस्य |
| ८. | धर्मगुरु (हिन्दु, वौद्ध, मुस्लिम र क्रिस्चियन) राप्ती सोनारी गा. पा. | सदस्य |
| ९. | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख श्री सम्झना दलामी | सदस्य-सचिव |

**निर्णय नं. ११**

राप्ती सोनारी गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८० को दफा ६(१) अनुसार सो कार्यविधि बमोजिम पर्न आएका गुनासोमध्ये दफा ३ को उपदफा (५) बमोजिम कार्यपालिकामा पेश गर्नु पर्ने गुनासो समाधान गर्न कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्ने प्रयोजनको लागि देहाय बमोजिमको गुनासो समाधान समन्वय समिति गठन गर्ने निर्णय गरियो ।



ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

१. गाउँ पालिका उपाध्यक्ष श्री मनिषासिंह थारु — संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा — सदस्य
३. कार्यपालिका सदस्य श्री थान बहादुर वि क — सदस्य
४. कार्यपालिका सदस्य श्री सुमित्रा थारु — सदस्य
५. गुनासो सुन्ने अधिकारी श्री जीवन न्यौपाने — सदस्य-सचिव

**निर्णय नं. १२**

राप्ती सोनारी गाउँपालिका सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८० को दफा १५(१) अनुसार सामाजिक परीक्षण कार्यमा सहयोग तथा समन्वयको लागि देहाय अनुसार पदाधिकारी रहेको सामाजिक परीक्षण समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

१. प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा — संयोजक
२. योजना शाखा प्रमुख श्री बालानन्द पौडेल — सदस्य
३. सामाजिक विकास मञ्च बाँकेको एक जना प्रतिनिधि — सदस्य
४. आर्थिक प्रशासन शाखा प्रमुख श्री गौरव कुमार लामिछाने — सदस्य
५. सामाजिक विकास शाखा प्रमुख श्री जीवन न्यौपाने — सदस्य–सचिव

**निर्णय नं. १३**

नागरिक आरोग्य केन्द्र ढकेरीमा कार्यरत कविराज अन्जना चौधरी सुत्केरी विदामा बसी सेवाप्रवाह रोकिन जाँदा २०८० मंसीरसम्मका लागि ज्यालादारीमा भर्ना भएको कविता खत्री वैद्य (चौथो तह बरावर) लाई कामको चाप र कविराज अन्जना चौधरी दुधे बालकसंग भएकोले २०८० चैत्र मसान्तसम्मका लागि म्याद थप गरी कामकाजमा लगाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

स्वामी सदानन्द प्रणामी च्यारिटेवल ट्रष्टको मिति २०८०।०९।०७ च न २० को पत्रानुसार राप्ती सोनारी गाउँपालिका वार्ड नं २ मा रहेको राष्ट्रिय असहाय गौसंरक्षण राधा कृष्ण ट्याम्पल निर्माण गर्न श्री कृष्ण प्रणामी सेवा धार्मिक वन समूहको करीब १० हेक्टर जमिन भोगादेशका लागि सम्बन्धित निकायमा सिफारिश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

राप्ती नदीको बहाबले नदीको धार परिवर्तन भई यस गाँउपालिकाका वार्ड नं ६ तथा डुडुवा गाउँपालिकाको वार्ड नं ३ र ५ को खेतीयोग्य जमीन एवं नदीजन्य पदार्थका विषयमा सीमा विवाद भएकोले सो सम्बन्धमा दुवै पालिकाका जिम्मेवार पदाधिकारी एवं सम्बन्धित निकायहरु सहितको छलफल राखी निष्कर्षमा पुर्याउन जिल्ला समन्वय समिति तथा जिल्ला प्रशासन कार्यालयलाई अग्रसरता लिइदिनुहुन भनी अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम संकलित विवरण कम्प्युटर प्रविष्टी गर्न प्रति फायल रु. ४० (चालिस) का दरले तपसीलका व्यक्तिहरुलाई सम्झौता बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

तपसीलः

१. श्री बेलमोती थारु, राप्ती सोनारी -३, बाँके

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

२. श्री निम कुमारी चौधरी, राप्ती सोनारी -३, बाँके

३. श्री लक्ष्मी थारु, राप्ती सोनारी -३, बाँके

**निर्णय नं. १७**

नेपाल विधुत प्राधिकरण वितरण केन्द्र बाँके नेपालगंजको माग बमोजिम राप्ती सोनारी गाउँपालिका वार्ड नं ६ कुण्डामा रहेको सार्वजनिक जमिन मध्यबाट करीब १० कट्ठा ११ के भि लाइन सब स्टेशन निर्माणमा लागि निशुल्क उपलब्ध गराउन सकिने जानकारी पठाउने निर्णय गरियो।

**निर्णय नं. १८**

विविध विषयमा तपसील अनुसार निर्णय गरियो।

(क) यस राप्ती सोनारी गाँउपालिका वार्ड नं ७ फत्तेपुरमा रहेको प्रहरी चौकीको भवन निर्माणका लागि जिल्ला प्रशासन कार्यालय, बाँके मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने।

(ख) राप्ती सोनारी गाँउपालिका वार्ड नं ९ मा भएको महाआरती कार्यक्रमलाई भाषा कला संस्कृति जगेर्ना (१-९) शीर्षकबाट रु ४००००।-(चालिस हजार मात्र) आर्थिक सहयोग गर्ने।

(ग) यस राप्ती सोनारी गाँउपालिका वार्ड नं ८ मा रहेको परम्परागत पञ्चबाजा संरक्षण महिला समूहको निवेदन अनुसार ढिमे तथा सनाही बाजा बजाउने सीपका लागि तालिम सञ्चालन गर्न भाषा कला संस्कृति जगेर्ना (१-९) शीर्षकबाट रु २० हजार आर्थिक सहयोग गर्ने।

(घ) अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन, क्याम्पस कमिटि, प्राकृतिक श्रोत व्यवस्थापन कलेज खजुरा, बाँकेले नयाँ आगन्तुक विद्यार्थीहरुलाई स्वागत कार्यक्रम गर्न आर्थिक सहायता माग भई आएकोले रू. २० हजार अन्य विविध कार्यक्रम खर्च शीर्षकबाट सहयोग गर्ने।

(ङ) नेपाल रेडक्रस सोसाइटी, सोनारी उपशाखा, बाँकेले ४२औं जिल्ला सभा (साधारण सभा) कार्यक्रम यस राप्ती सोनारी गाउँपालिका वार्ड नं ६ गुलरीमा गर्न आर्थिक सहायता माग भई आएकोले रू. ५० हजार अन्य विविध कार्यक्रम खर्च शीर्षकबाट सहयोग गर्ने।

(च) नेपाल युवा परिषद्ले प्रदेश युवा सम्मेलन २०२४ सञ्चालन गर्न आर्थिक सहायता माग भई आएकोले रू. २० हजार अन्य विविध कार्यक्रम खर्च शीर्षकबाट सहयोग गर्ने।

(छ) श्री भुवर भवानी माध्यमिक विद्यालय राप्ती सोनारी – ५, विनौनाले कक्षा ११ र १२ का विद्यार्थीहरुलाई कानूनी अभिमुखीकरण कक्षा सञ्चालन गरेका निर्मल सिंह एसकेलाई प्रोत्साहन रकम उपलब्ध गराउन अनुरोध भई आएकोले रू. १० हजार न्याय सम्बन्धी कार्यक्रम खर्च शीर्षकबाट उपलब्ध गराउने।

राप्ती सोनारी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय ... लुम्बिनी प्रदेश, नेपाल

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner